नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ४२२

मिति २०७६/०२/०६

श्री स्थानीय तहहरु (काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका सबै)
श्री गोरखा नगरपालिका, गोरखा
श्री नीलकण्ठ नगरपालिका, धादिङ्ग
श्री चौतरा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक
श्री भिमेश्वर नगरपालिका, दोलखा
श्री गोसाईंकुण्ड गाँउपालिका, रसुवा

विषय: आवश्यक सहजीकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमो रोयल थाई सरकारको आर्थिक सहयोगमा अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन (IOM-UN Migration) ले **"जनताबाट जनताका लागि सहयोगः पुर्नलाभ र पुर्ननिर्माणद्धारा उत्थानशील समुदाय निर्माण (P2P Project)"** नामक परियोजना विभिन्न ८ वटा भूकम्प प्रभावित जिल्लाहरुका ८ वटा स्थानीय तहहरुमा संचालन गर्न लागेको व्यहोरा विदितै छ । यसै सर्न्दभमा उक्त परियोजना अर्न्तगतका काठमाण्डौं उपत्यकाका तीनैवटा जिल्लाहरुमा पहिचान भएका खुल्ला क्षेत्रहरुको अद्यावधीक गर्ने तथा बाँकी ५ जिल्लाहरुमा भौगोलिक सुचना प्रणाली मार्फत खुल्ला क्षेत्रको पहिचान कार्य हुन गईरहेका व्यहोरा समेत जानकारी गराउँदै तहाँ खुला क्षेत्रको पहिचान, नक्सांकन र त्यस क्षेत्रको वरपर रहेका महत्वपूर्ण पूर्वधारको GIS मार्फत नक्सांकन गर्ने कार्यमा आईओएम नेपाल र यसको प्राविधीक कार्य सम्पादन गर्ने साझेदार संस्था नक्सा प्रा.लि. लाई आवश्यक सहयोग र समन्वय गरि सहयोग गरीदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(थप जानकारीको लागि ९८५१०१०३९३ (सुशान्त शर्मा) वा ९८१३८९३५१२ (सन्तोष पाण्डे) मा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।)

(रीनु थपलिया)
शाखा अधिकृत

<u>बोधार्थ</u>:

श्री अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम, नेपाल)
श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)
आप्रवासन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय निकाय

International Organization for Migration
The UN Migration Agency

IOM/NP/183

मिति २०७६/१/३०

श्रीमान् प्रमुख ज्यू,
वातावरण तथा विपद् व्यवस्थापन शाखा,
संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषय: सहजीकरण गरिदिनुहुन अनुरोध सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन (IOM-UN Migration) ले रोयल थाई सरकारको आर्थिक सहयोगमा "जनताबाट
जनताका लागि सहयोग : पुर्नलाभ र पुर्ननिर्माणद्वारा उत्थानशिल समुदाय निर्माण (P2P Project)" नामक परियोजना (जुलाई २०१८-जुन
२०२०) को लागि भूकम्प प्रभावित निम्नलिखित, ८ वटा जिल्लाहरुका ८ वटा स्थानिय तहहरुमा संचालन गर्न भईरहेको व्यहोरा यहालाई अवगतनै छ ।
यसै सन्दंभमा, यस परियोजना अन्तंगत भुकम्प प्रभावित ५ जिल्लामा भौगोलिक सुचना प्रणाली मार्फत् खुल्ला क्षेत्रको पहिचानका साथै काठमाण्डौं
उपत्यका तीनै जिल्लाहरुमा पहिचान भएका खुल्ला क्षेत्रहरुको अद्यावधीक हुन गईरहेका व्यहोरा समेत यहालाई जानकारी गराउन चाहन्छौं ।

तसर्थ माथी उल्लेखित स्थानीय तहहरुमा खुला क्षेत्रको पहिचान, नक्साकन र त्यस क्षेत्रको वरपर रहेका महत्वपूर्ण पूर्वाधारको GIS मार्फत नक्साकन
गर्नका निम्ती आइओएम नेपाल र यसको प्राविधीक कार्य सम्पादन गर्ने साझेदार संस्था नक्सा प्रा.लि. लाई ति स्थानिय तहहरुको तर्फबाट आवस्यक
सहयोग र समन्वय गर्नका लागि पत्राचार गरिदिनुहुन सादर अनुरोध गर्दछौं ।

पत्रचार गर्नुपर्ने स्थानिय तहहरुको विवरण
१. काठमाडौं जिल्लाका सबै स्थानिय तहहरु,
२. ललितपुर जिल्लाका सबै स्थानिय तहहरु,
३. भक्तपुर जिल्लाका सबै स्थानिय तहहरु
४. गोरखा नगरपालिका, गोरखा
५. नीलकण्ठ नगरपालिका, धादिङ
६. चौतरा सांगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक
७. भिमेश्वर नगरपालिका दोलखा
८. गोसाइंकुण्ड गाँउपालिका, रसुवा

थप जानकारीको लागि कृपया फोन नं ९८५१०१०२९३ (सुशान्त शर्मा) वा ९८१३८९३५१२ (सन्तोष पाण्डे) सम्पर्क गर्नुहोला ।

सहयोगको लागि हार्दिक धन्यवाद ।

INTERNATIONAL ORGANIZATION FOR MIGRATION NEPAL

जीतेन्द्र बोहोरा
निति तथा कार्यक्रम सल्लाहकार/कार्यक्रम व्यवस्थापक
अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन
आप्रवासन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय निकाय ।